## संवत् २०८० साल साउन ३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः कम्पनी दर्ता र पूँजी वृद्धि गर्दा लाग्ने शुल्क तथा दस्तुर परिमार्जनसम्बन्धी सूचना प्रकाशन गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः माल्दिभ्समा आयोजना हुने 16th South Asia Power Secretaries Roundtable (PSRT) विषयक सचिवस्तरीय बैठकमा सचिव (ऊर्जा) लाई सहभागी हुन स्वीकृति दिने।

३. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः अमेरिकाको सिकागोमा आयोजना हुने Non-Resident Nepali Association को 12th Annual General Meeting (AGM) मा सहभागी हुन कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई स्वीकृति दिने।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक नियुक्तिको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि विकास) को अध्यक्षतामा सिफारिस समिति गठन गर्ने।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः भारतमा हुने Global Food Regulators Summit-2023 मा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्री र सचिव (पशु विकास) लाई स्वीकृति दिने ।

६. गृह मन्त्रालयः सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने।

७. वन तथा वातावरण मन्त्रालयः खारा जनयुद्ध संग्रहालय निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

८. वन तथा वातावरण मन्त्रालयः रक्तचन्दन काठ उत्पत्ति मुलुक भारतमा फिर्ता लैजान स्वीकृति प्रदान गर्ने।

९. वन तथा वातावरण मन्त्रालयः जर्मनीमा आयोजना हुने ICCM5 बैठकमा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिवलाई स्वीकृति दिने।

१०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः दक्षिण कोरियामा आयोजना हुने गैर आवासीय नेपालीको अधिवेशनमा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशिला सिर्पाली ठकुरीलाई स्वीकृति दिने ।

११. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः चामुण्डाबिन्द्रासैनी नगरपालिका, दैलेखको परियोजनाको लागि जग्गा प्राप्त गर्न सहमति प्रदान गर्ने ।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव टोकराज पाण्डेसमेतका २६ जनालाई सरुवा गर्ने।

१३. सहरी विकास मन्त्रालयः अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको म्याद २०८० साउन १ गतेदेखि २०८३ असार मसान्तसम्म थप गर्ने।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको सञ्चालक समितिको सदस्यमा डा. रवि मल्ललाई मनोनयन गर्ने।

१५. वन तथा वातावरण मन्त्रालयः नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू, २०८० स्वीकृत गर्ने।

१६. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री सूर्यप्रसाद गौतमसमेतका १३ जना अधिकृतहरूलाई सरुवा गर्ने।

## संवत् २०८० साल साउन १६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. अर्थ मन्त्रालयः सार्वजनिक संस्थान सुझाव समितिको म्याद २०८० साउन ७ गतेदेखि २ महिना थप गर्ने।

२. अर्थ मन्त्रालयः खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना—दोस्रोका लागि विश्व बैंकमार्फत प्राप्त हुने २० मिलियन अमेरिकी डलर अनुदान स्वीकार गर्न वार्ता टोली गठन गरी अख्तियारी दिने।

३. अर्थ मन्त्रालयः Strengthening Public Financial Management and Devolved Service Delivery कार्यक्रमको उपकार्यक्रम १ का लागि एसियाली विकास बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्न वार्ता टोली गठन गरी अख्तियारी दिने ।

४. अर्थ मन्त्रालयः विश्व वातावरण सुविधा (GEF) बाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने।

५. अर्थ मन्त्रालयः उपमहालेखापरीक्षक महेश्वर काफ्लेको कजाखस्तान भ्रमण स्वीकृत गर्ने।

६. अर्थ मन्त्रालयः निक साइमन्स इन्स्टिच्युटले विश्व स्वास्थ्य संगठनवाट प्राप्त गर्ने पुरस्कार रकम अमेरिकी डलर २००००.०० (बीस हजार मात्र) मा आकस्मिक लाभ कर पूर्ण रूपमा छुट दिने।

७. अर्थ मन्त्रालयः नेपाल र भारत सरकारका बीच भएको साना विकास आयोजना सञ्चालन सम्झौताको म्याद २०८३ साउन २० गतेसम्म थप गर्ने।

८. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः नेपाल-चीनको तिब्बत व्यापार सहजीकरण समितिको एघारौं बैठक तथा संयुक्त व्यापार कार्यदलको दोस्रो बैठकमा सहभागिता जनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको नेतृत्वको कार्यदललाई स्वीकृति दिने।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) को संयुक्त राज्य अमेरिकाको भ्रमण स्वीकृत गर्ने।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः राष्ट्रिय बीउ बिजन समितिका सदस्यमा अग्निप्रसाद अर्यालसमेत ४ जनालाई मनोनयन गर्ने।

११. गृह मन्त्रालयः प्रहरी अतिरिक्त महानिरीक्षकको संयुक्त राज्य अमेरिकाको भ्रमण स्वीकृत गर्ने।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः नागढुंगा सुरुङ्ग मार्ग निर्माणको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः कमला-ढल्केवर-पथलैया सडक सीमाभित्र पर्ने घर/टहरा क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने।

१४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः आ.व. २०८०/८१ का लागि राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेनाका सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका सहायक रथीद्वय डा. सरीता के.सी. र डा. नम्रता महराको सरुवा गर्ने।

१६. रक्षा मन्त्रालयः नेपाली सेनाका प्रमुख सेनानी डा. केशव प्रसाद अग्रवाललाई अवकाशपूर्व महासेनानी दर्जामा विशेष बढुवा गर्ने।

१७. रक्षा मन्त्रालयः उपरथी श्री सुदर्शन सिल्वाललाई अमेरिकाद्वारा क्यानडामा आयोजना हुने Indo-Pacific Intelligence Chiefs Conference (IPICC) मा सहभागी हुन स्वीकृति दिने।

१८. रक्षा मन्त्रालयः संयुक्त राज्य अमेरिकाको न्युयोर्कलगायतका विभिन्न मित्रराष्ट्रस्थित नियोगहरूमा सैनिक सहचारी र सैनिक सल्लाहकार नियुक्त गर्ने।

१९. रक्षा मन्त्रालयः प्रधान सेनापति महारथी श्री प्रभुराम शर्मा र उपरथी श्री सन्तोष कुमार ढकाललाई संयुक्त अधिराज्य (बेलायत) को औपचारिक भ्रमण गर्न स्वीकृति दिने।

२०. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका महासेनानीद्वय मनोज बैदवार र राजेन्द्र मणी गिरीलाई सहायक रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२१. रक्षा मन्त्रालयः नेपाली सेनाका सैनिक साधारण सेवाका सहायक रथी सन्तोष बल्लभ पौडेलसमेत १०(दश) सहायक रथीहरूको सरुवा गर्ने।

२२. रक्षा मन्त्रालयः नेपाली सेनाको सैनिक साधारण सेवाका महासेनानी बालकृष्ण कार्कीसमेत १६(सोह्र) महासेनानीहरूको सरुवा गर्ने।

२३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका कार्यवाहक महासेनानी प्रताप बहादुर वोहरासहित ३(तीन) कार्यवाहक महासेनानीलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

२४. रक्षा मन्त्रालयः काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाअन्तर्गत ललितपुर जिल्लाको खोकना इलाकाको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधान गर्न गठित समितिको म्याद ३ महिना थप गर्ने।

२५. वन तथा वातावरण मन्त्रालयः मातातिर्थ-माल्टा ३३ के.भि. प्रसारणलाईन आयोजनाको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२६. वन तथा वातावरण मन्त्रालयः तल्लो सेलाङ खोला जलविद्युत आयोजना (१.४७५ मे.वा.) लाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२७. वन तथा वातावरण मन्त्रालयः वन पैदावार विकास समितिको कार्यकारी अध्यक्षमा राजदेव प्रसाद यादवलाई नियुक्त गर्ने।

२८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठन गर्ने र सिफारिस समितिको सदस्यमा प्रा.डा. लोचना श्रेष्ठलाई तोक्ने।

२९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः नेपाल विश्वविद्यालय पूर्वाधार विकास तयारी समिति (गठन) (पहिलो संशोधन) आदेश, २०८० स्वीकृत गर्ने ।

३०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयः लुम्बिनी विकास परिषद्को उपाध्यक्षमा डा. ल्यारक्याल लामालाई मनोनयन गर्ने।

३१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयुक्त अधिराज्यको भ्रमण स्वीकृत गर्ने।

३२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः निजामती सेवाका सहसचिव कृष्णप्रसाद धितालको राजीनामा स्वीकृत गर्ने।

३३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालको गणतन्त्र चीनको भ्रमण स्वीकृत गर्ने।

३४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः भारतको गुजरातमा हुने विभिन्न कार्यक्रमहरूमा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री र अतिरिक्त स्वास्थ्य सचिवलाई स्वीकृति दिने।

३५. वन तथा वातावरण मन्त्रालयः जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना स्वीकृत गर्ने।

३६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

३७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने ।

३८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः श्रम (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

## संवत् २०८० साल साउन २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेशका मुख्यमन्त्रीको स्वीट्जरल्याण्ड भ्रमण स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालयः रु. ५ दरको सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने।

३. अर्थ मन्त्रालयः एनसेल एक्जिआटा लिमिटेड र एक्जिआटा इन्भेष्टमेन्ट (यू.के.) लिमिटेडलाई ऋण व्यवस्थापन शुल्क, प्रशासनिक शुल्क र प्रत्यक्ष खर्चवापतको रकम भुक्तानी गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयः High-Level Euro-Asia Regional Review of the VPoA of the LLDCs मा सहभागिताका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलाई स्वीकृति दिने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः हेटौडा-ढल्केवर-इनरुवा ४०० के.भी. प्रसारण लाइन आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्न स्वीकृति दिने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः सेनेगलमा आयोजना हुने Agriculture Development Strategy (ADS) Joint Sector Review (JSR) सम्बन्धी अवलोकन भ्रमणमा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि विकास) लाई स्वीकृति दिने।

७. गृह मन्त्रालयः अमन चौधरी (अग्रवाल) को नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने।

८. गृह मन्त्रालयः Public Security Department of Tibet Autonomous Region of China ले प्रदान गर्ने वस्तुगत सहायता स्वीकार गर्ने।

९. गृह मन्त्रालयः सोफिया रुथ भण्डारीको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने।

१०. गृह मन्त्रालयः निर्वाचन आयोग, नेपालका माननीय प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलियाको स्वीडेन भ्रमण स्वीकृति गर्ने।

११. गृह मन्त्रालयः Asian Disaster Preparedness Center's (ADPC) Board of Trustees (BOT) सम्बन्धी कार्यक्रममा सहभागिताको लागि गृह मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने।

१२. परराष्ट्र मन्त्रालयः CEDAW समिति सदस्यमा सन् २०२५ देखि २०२८ सम्मको अवधिको लागि नेपालको तर्फबाट बन्दना राणाको उम्मेदवारीका लागि स्वीकृति प्रदान गर्ने।

१३. परराष्ट्र मन्त्रालयः सम्माननीय उपराष्ट्रपतिको चीन भ्रमण स्वीकृत गर्ने।

१४. युवा तथा खेलकुद मन्त्रालयः आ.व. २०८०/८१ का लागि राष्ट्रिय युवा परिषद्को राजपत्रांकित/अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सिभिल तथा आर्किटेक्चर उपसमूहका महासेनानी इन्दीवर गुरुङ्ग र महासेनानी विश्वबन्धु पहाडीको सरुवा गर्ने।

१६. रक्षा मन्त्रालयः प्रधान सेनापति महारथी श्री प्रभुराम शर्मा र उपरथी श्री योग राज शर्मालाई भारतमा हुने सम्मेलनमा सहभागी हुन स्वीकृति दिने।

१७. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका प्रमुख सेनानी प्रभाकर खड्कासमेत पाँच प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१८. वन तथा वातावरण मन्त्रालयः माथिल्लो मोदी ए जलविद्युत आयोजना (४२ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

१९. वन तथा वातावरण मन्त्रालयः नुप्चे लिखु जलविद्युत आयोजनाको १३२ के.भि. प्रसारणलाईनको विकास निर्माणको लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने।

२०. वन तथा वातावरण मन्त्रालयः माथिल्लो पिलुवाखोला-३ जलविद्युत आयोजना (४.९५ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२१. वन तथा वातावरण मन्त्रालयः वन (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

२२. वन तथा वातावरण मन्त्रालयः लेकवेशी नगरपालिका सुर्खेतलाई १५ शय्याको अस्पताल निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः चीनको कुनमिङ्गमा हुने "7th China-South Asia Expo र 27th China (Kunming) Import and Export Fair एवं STI Forum कार्यक्रममा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई स्वीकृति दिने।

२४. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः आ.व. २०८०/८१ को लागि राजपत्रांकित/अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाको संयुक्त राज्य अमेरिकाको भ्रमण स्वीकृत गर्ने।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी विधेयक, २०८० मा लोकसेवा आयोगको परामर्श माग गर्न स्वीकृति दिने।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः इन्डोनेसियामा आयोजना हुने Regional workshop on Strengthening National Civil Registration and Vital Statistics System विषयक कार्यक्रममा सहभागिताको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव (जनसङ्ख्या) लाई स्वीकृति दिने।

२८. सहरी विकास मन्त्रालयः सिंहदरबार परिसरको संशोधित गुरुयोजना स्वीकृत गर्ने।

२९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयः राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गर्ने।

३०. अर्थ मन्त्रालयः बैङ्किङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने।

३१. महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री राममाया कुँवरको राजीनामा मिति २०८०/४/१८ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने।

## संवत् २०८० साल साउन ३० गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेदरल्याण्डमा आयोजना हुने Micronutrient Forum 6th Global Conference (MNF2023) कार्यक्रमका सहभागिताको लागि राष्ट्रिय योजना आयोगका सदस्यलाई स्वीकृति प्रदान गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशकको दक्षिण कोरिया भ्रमण स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रचलित खरिद कानुनमा कार्यालय प्रमुखले गर्ने भनी उल्लेख भएका कामकाज गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हकमा उक्त कार्यालयका प्रशासन क्षेत्र हेर्ने सचिवलाई तोक्ने।

४. अर्थ मन्त्रालयः एसियाली विकास बैंकबाट Rural Connectivity Improvement Project-Additional Financing का लागि प्राप्त हुने सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः ताक्सुखोला जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः आ.व. २०८०/८१ का लागि राजपत्रांकित/अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालयः आ.व. २०८०/८१ का लागि राजपत्रांकित/अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

८. गृह मन्त्रालयः प्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राईलगायतका ५ जनालाई सरुवा गर्ने।

९. परराष्ट्र मन्त्रालयः सम्माननीय प्रधानमन्त्रीको इटालीको संशोधित भ्रमण कार्यक्रम स्वीकृत गर्ने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: सशस्त्र प्रहरी बल, नेपाल आश्रीत गुल्म लमजुङलाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः प्रतापपुर गाउँपालिकालाई सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः भूउपयोग (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृति गर्ने।

१३. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका उपरथी निर्मलकुमार थापा र उपरथी प्रदिप जंग के.सी.को सरुवा गर्ने।

१४. रक्षा मन्त्रालयः नेपाली सेनाको सैनिक साधारण सेवाका सेनानी विदुर खड्कालाई अवकाशपूर्व प्रमुख सेनानी दर्जामा मानार्थ बढुवा गर्ने।

१५. रक्षा मन्त्रालयः नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी गणेश कुमार श्रेष्ठलाई उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने।

१६. वन तथा वातावरण मन्त्रालयः वन तथा वातावरण मन्त्रालयका सचिवलाई Australia मा हुने कार्यक्रममा सहभागिता जनाउन स्वीकृति दिने।

१७. वन तथा वातावरण मन्त्रालयः माथिल्लो दरौंदी बि साना जलविद्युत आयोजना (८.३ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

१८. वन तथा वातावरण मन्त्रालयः वड्कापथ सिंचाइ आयोजना निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः विज्ञान, प्रविधि तथा नवप्रर्वतनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः अमरगढी नगरपालिका, डडेल्धुराको परियोजनाको लागि जग्गा प्राप्त गर्न सहमति प्रदान गर्ने।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः प्रदेश तथा स्थानीय तहमा समायोजन भएका/कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने।

२२. रक्षा मन्त्रालयः काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको विस्तृत आयोजना प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिने।

२३. नेपाल लेखापरीक्षण सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा पदम राज पौडेललाई बढुवा गर्ने।